दर्ता नम्बर: ५/०८२
दर्ता मिति: २०८२/०२/१८
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि, २०८१

प्रस्तावना: स्थानीय स्रोत, साधन, कच्चापदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगको स्थापना, विकास र प्रवर्द्धन गर्दै रोजगारी सिर्जनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन छरिएर रहेका उद्योगलाई एकीकृत गरी औद्योगिक उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि औद्योगिक ग्राम घोषणा र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रीस्तर)ले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार (मन्त्रीस्तर) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्योग" भन्नाले ऐन बमोजिम दर्ता भई औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन हुने लघु उद्यम, घरेलु उद्योग वा साना उद्योग सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "औद्योगिक ग्राम" भन्नाले ऐन बमोजिम उद्योग स्थापनाको लागि आवश्यक न्यूनतम सामान्य सेवा, सुविधा तथा पूर्वाधार विकास भई ऐनको दफा ५५ बमोजिम नेपाल सरकारबाट घोषणा भएको उद्योग ग्राम सम्झनु पर्छ।

(घ) "पूर्वाधार विकास" भन्नाले औद्योगिक ग्राम स्थापना, विकास, सञ्चालन र संरक्षण गर्न आवश्यक जग्गा सम्याउने, घेरावार गर्ने, प्लट निर्माण गर्ने, अस्थायी(प्रिफ्याव) संरचना निर्माण,पानी, ढल निर्माण लगायतका पूर्वाधार निर्माणको कार्य सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले औद्योगिक ग्राम सञ्चालन गर्न चाहने सम्बन्धित गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## औद्योगिक ग्राम स्थापनाको मापदण्ड

३. औद्योगिक ग्राम घोषणाको मापदण्ड: (१) ऐनको दफा ५५ बमोजिम औद्योगिक ग्राम घोषणाका लागि आवश्यक पर्ने जग्गाको मापदण्ड देहाय बमोजिम हुनेछ:-

(क) हिमाली तथा प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकेको दुर्गम पहाडी क्षेत्रमा कम्तीमा पच्चीस रोपनी जग्गा भएको,

(ख) पहाडी क्षेत्रमा कम्तीमा पैंतिस रोपनी जग्गा भएको,

(ग) तराई क्षेत्रमा कम्तीमा सात विगाहा जग्गा भएको,

(घ) घना मानव बस्तीदेखि न्यूनतम पाँच सय मिटर दूरी कायम भएको,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "घना मानव बस्ती" भन्नाले दुई सय घरधुरी वा एक हजार वा सोभन्दा बढी जनसङ्ख्या रहेको क्षेत्र सम्झनु पर्छ।

(ङ) अन्तर्राष्ट्रिय सीमादेखि कम्तीमा दुई किलोमिटर दूरी कायम भएको।

तर अन्यत्र जग्गा उपलब्ध नभई सीमाक्षेत्र नजिक मात्र जग्गा उपलब्ध हुने भएमा पाँच सय मिटर दूरीमा औद्योगिक ग्राम स्थापना गर्न बाधा पर्ने छैन।

(२) पहुँच सडक मार्ग (कम्तीमा दश मिटर चौडाई) र ११ के.भि.ए. विद्युत प्रसारण लाइनको पूर्वाधार भएको अवस्था वा सम्वन्धित स्थानीय तहले सो पूर्वाधार निर्माणको प्रतिबद्धता पेश गरेको हुनुपर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकै प्रकृतिको वस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्रामको जग्गाको मापदण्ड र क्षेत्रफल सम्बन्धित स्थानीय तह आफैंले निर्धारण गर्न सक्नेछ।

४. **औद्योगिक ग्राम निर्माण तथा विकासको मापदण्डः** (१) औद्योगिक ग्राम निर्माण तथा विकासको लागि दफा ३ को उपदफा (१) बमोजिमको जग्गाको उपयोग गर्ने सम्बन्धमा देहायको मापदण्ड पूरा गर्नु पर्नेछः-

(क) उद्योग स्थापनाको लागि कुल जग्गाको साठीदेखि सत्तरी प्रतिशत जग्गा भएको,

(ख) प्रशासनिक तथा अन्य सेवा क्षेत्रको लागि सातदेखि दश प्रतिशत जग्गा भएको,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "अन्य सेवा क्षेत्र" भन्नाले पार्किङ्ग, लोड वा अनलोड, प्रदर्शनी तथा विक्रीकक्ष रहेको स्थल सम्झनु पर्छ।

(ग) हरियाली क्षेत्रको लागि सातदेखि दश प्रतिशत जग्गा भएको,

(घ) मूल सडक तथा सहायक सडकको लागि बाह्रदेखि पन्ध्र प्रतिशत जग्गा भएको, र

(ङ) खुला मैदान, पार्क तथा विपद् व्यवस्थापन क्षेत्रको लागि सातदेखि दश प्रतिशत जग्गा भएको।

(२) औद्योगिक ग्रामको सडक क्षेत्रको मापदण्ड देहाय बमोजिम भएको हुनु पर्नेछः-

(क) औद्योगिक ग्रामबाट राजमार्गसँग जोड्ने पहुँचमार्गको चौडाइ कम्तीमा दश मिटर,

(ख) औद्योगिक ग्रामभित्रको मुख्य सडकको चौडाइ कम्तीमा सात मिटर,

(ग) औद्योगिक ग्रामभित्रको सहायक सडकको चौडाइ कम्तीमा पाँच मिटर,

(घ) औद्योगिक ग्रामभित्रको मुख्य सडकको कम्तीमा एक किनारमा फुटपाथ भएको।

५. **औद्योगिक ग्राममा हुनु पर्ने न्यूनतम पूर्वाधार तथा सेवा सुविधाः** (१) औद्योगिक ग्राममा उद्योग सञ्चालन गर्न देहाय बमोजिमको न्यूनतम पूर्वाधारको विकास गरिएको हुनु पर्नेछः-

(क) औद्योगिक ग्राममा काँडेतारको घेरावार,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं



कृष्ण बहादुर राउत
सचिव (कानून)

(ख) उद्योग स्थापनाको लागि विभिन्न प्लट,

(ग) आन्तरिक विद्युत वितरण लाइन,

(घ) पानीको आपूर्ति,

(ङ) ढल निकास,

(च) औद्योगिक ग्रामभित्रको मुख्य तथा सहायक सडकको दुवै किनारमा रुख, विरुवा।

(२) उपदफा (१) बमोजिमको पूर्वाधारको अतिरिक्त औद्योगिक ग्राममा देहाय बमोजिमको सेवा सुविधा उपलब्ध भएको हुनु पर्नेछः-

(क) उत्पादित वस्तुको प्रदर्शनी तथा बिक्री कक्ष र औद्योगिक ग्राम व्यवस्थापन कक्ष सहितको अस्थायी (प्रिफ्याव) संरचना, शौचालय तथा स्नान गृह,

(ख) पार्किङ्ग स्थल र

(ग) खुला मैदान, पार्क तथा विपद् व्यवस्थापन क्षेत्र ।

## परिच्छेद-३
## स्थान छनोट र औद्योगिक ग्राम घोषणा

६. <u>जग्गाको लगत तयार गर्ने</u>: औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्रको भू-उपयोग योजनामा औद्योगिक क्षेत्रको लागि तोकिएको स्थानको दफा ३ बमोजिमको जग्गाको लगत तयार गर्नु पर्नेछ।

तर भू-उपयोग योजनामा औद्योगिक क्षेत्र नतोकिएको र जग्गाको लगत तयार भइनसकेको अवस्थामा औद्योगिक ग्राम स्थापनाको लागि सम्भाव्य जग्गा छनोट गर्न यो दफाले बाधा पुऱ्याएको मानिने छैन।

७. <u>पूर्वसम्भाव्यता अध्ययन गर्नु पर्ने</u>: (१) दफा ८ बमोजिम औद्योगिक ग्राम स्थापनाको लागि स्थान छनोट गर्नुअघि औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले स्थानीय उद्योगी तथा व्यवसायी, उत्पादनसँग जोडिएको सहकारी, लघुवित्त र लक्षित समूहबाट औद्योगिक ग्राममा उद्योग स्थापनाको प्रतिवद्धता वा माग समेतलाई मध्यनजर गरी सम्भावित औद्योगिक ग्रामको पूर्वसम्भाव्यता अध्ययन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वसम्भाव्यता अध्ययन गर्दा औद्योगिक ग्राम स्थापना गर्ने जग्गाको चार किल्ला खुलाई प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको पूर्वसम्भाव्यता अध्ययन गर्दा औद्योगिक ग्राममा स्थापना हुन सक्ने सम्भावित उद्योग, लगानीको क्षेत्र, वजार व्यवस्था, सिर्जना हुन सक्ने रोजगारी सहित अनुसूची-१ बमोजिमको परीक्षण सूची वमोजिम गर्नु पर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहको सहकार्य र समन्वयमा सम्भावित औद्योगिक ग्रामको पूर्वसम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्न वा गराउन सक्नेछ।

८. <u>स्थान छनोट गर्ने</u>: (१) औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले दफा ६ बमोजिम जग्गाको लगत तयार भएकोमा सो लगतमध्येबाट वा लगत तयार नभएकोमा सम्भाव्य जग्गामध्येबाट औद्योगिक ग्राम स्थापनाको लागि निर्धारित मापदण्ड पूरा हुने र न्यूनतम क्षेत्रफल पुग्ने जग्गाको उपलब्धता, कच्चा पदार्थ तथा कामदारको उपलब्धता, लगानीको

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं



कृष्ण बहादुर राउत

सम्भावना, बजारको सम्भाव्यता, आर्थिक तथा भौगोलिक अवस्था समेतलाई आधार बनाई औद्योगिक ग्राम स्थापनाको लागि स्थान छनोट गर्नु पर्नेछ।

तर स्थान छनोट गर्दा सिँचाइ सुविधा उपलब्ध भएको उर्वर भूमि, घना वनजङ्गल वा भौगोलिक रूपमा जोखिमयुक्त स्थानलाई छनोट गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम स्थान छनोट गर्दा देहायका जग्गामध्येबाट प्रचलित कानून प्रतिकूल नहुने गरी छनोट गर्नु पर्नेछः-

(क) स्थानीय तहमा रहेको सरकारी ऐलानी वा पर्ति जग्गा,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा रहेको जग्गा

तर, खण्ड (क) र खण्ड (ख) बमोजिमको जग्गा प्राप्त हुन नसकेको अवस्थामा वन क्षेत्रको रूख बिरूवा नभएको खाली जग्गा छनोट गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी जग्गामा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त देखिएमा औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले आफ्नै स्रोत साधनबाट दान बकस वा प्रचलित कानून बमोजिम प्राप्त गरी औद्योगिक ग्राम स्थापनाको लागि जग्गा छनोट गर्न सक्नेछ।

(४) कुनै दुई वा दुईभन्दा बढी स्थानीय तहको भौगोलिक क्षेत्रमा पर्ने गरी औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले एकआपसमा सम्झौता गरी त्यस्तो जग्गा छनोट गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको औद्योगिक ग्राम स्थापना गर्न चाहने स्थानीय तहको निर्णय सहितको सहमति प्राप्त भएपछि कुनै एक स्थानीय तहले अर्को सम्बन्धित स्थानीय तहको सहमतिमा जग्गा छनोट सम्बन्धी प्रस्ताव र दफा ९ को उपदफा (१) बमोजिम मन्त्रालयमा पेस गर्ने प्रस्ताव अगाडि बढाउन सक्नेछ।

(६) यस दफा बमोजिम औद्योगिक ग्राम स्थापनाको लागि स्थान छनोट गरेपछि औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले वनक्षेत्रमा पर्ने जग्गाको हकमा प्रचलित वन ऐन बमोजिम वन तथा वातावरण मन्त्रालयको स्वीकृति लिएको हुनुपर्ने र सरकारी जग्गाको हकमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिएको हुनु पर्नेछ।

९. <u>औद्योगिक ग्राम घोषणाः</u> (१) औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले कार्यपालिकाबाट निर्णय गराई सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी प्रचलित कानून बमोजिमको सिफारिस र सम्बन्धित प्रदेश सरकारको उद्योग हेर्ने मन्त्रालयको सिफारिस सहित देहायका कागजात संलग्न गरी औद्योगिक ग्राम घोषणा गर्न मन्त्रालयमा प्रस्ताव पठाउनु पर्नेछः-

(क) दफा ७ बमोजिमको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) सम्बन्धित स्थानीय तहबाट प्रस्तावित औद्योगिक ग्रामको चार किल्ला खुलेको पत्र सहित सम्बन्धित नापी कार्यालयबाट प्रमाणित नक्सा वा भू अभिलेख सूचना व्यवस्थापन प्रणाली सिर्जित दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपि,

(ग) जग्गाको स्वामित्व तथा प्रकृति खुलेको सम्बन्धित मालपोत कार्यालयबाट प्रमाणित कागजात (फिल्ड बुक उतार वा भू अभिलेख सूचना व्यवस्थापन

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं



कृष्ण बहादुर राउत सचिव (उद्योग)

प्रणाली सिर्जित दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपी, जग्गा दर्ता वा रजिस्ट्रेसनको प्रमाणपत्र),

(घ) दुई वा दुईभन्दा बढी स्थानीय तहको भौगोलिक क्षेत्रमा पर्ने गरी स्थान छनोट भई प्रस्ताव तयार गरिएकोमा सम्बन्धित स्थानीय तहको निर्णय सहितको सहमति,

(ङ) सरकारी जग्गा वा वन क्षेत्रमा पर्ने जग्गाको हकमा दफा ८ को उपदफा (६) बमोजिमको स्वीकृति,

(च) नापी नक्सा नभएको हकमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी प्रचलित कानून बमोजिम नापी नक्सा गरी कायम दर्ता स्रेस्ता र

(छ) दफा १३ बमोजिम तयार गरिएको औद्योगिक ग्रामको निर्माण तथा विकासको तरिका (मोडालिटी)।

(२) उपदफा (१) बमोजिम औद्योगिक ग्राम घोषणाको लागि प्राप्त प्रस्तावको सम्बन्धमा मन्त्रालयले थप अध्ययन गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण वा प्राविधिक परीक्षण वा दुवै गराई प्रतिवेदन लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावको आधारमा औद्योगिक ग्राम घोषणा गर्न उपयुक्त देखिएमा सम्बन्धित स्थानीय तहले यकिन गरेको क्षेत्रफल र चार किल्लाभित्र मन्त्रालयले सम्बन्धित विषयगत मन्त्रालयको राय, परामर्श लिई औद्योगिक ग्राम घोषणाको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको प्रस्तावको आधारमा ऐनको दफा ५५ बमोजिम नेपाल सरकारले औद्योगिक ग्राम घोषणा गर्न सक्नेछ।

तर एक स्थानीय तहमा एकभन्दा बढी औद्योगिक ग्रामको घोषणा गरिने छैन।

१०. <u>जग्गाको प्रयोग र संरक्षण</u>: सम्बन्धित स्थानीय तहले दफा ९ बमोजिम घोषणा भएको औद्योगिक ग्रामको जग्गाजमिन, भवन लगायतको सम्पूर्ण सम्पत्तिको प्रयोग, व्यवस्थापन र संरक्षण उद्योगको स्थापना, सञ्चालन र विकासमा मात्र केन्द्रित रही गर्नुपर्नेछ।

## परिच्छेद-४
## औद्योगिक ग्रामको निर्माण तथा विकास

११. <u>औद्योगिक ग्रामको निर्माण तथा विकास</u>: (१) दफा ९ बमोजिम नेपाल सरकारबाट घोषणा भएको औद्योगिक ग्रामको निर्माण तथा विकासको कार्य औद्योगिक ग्राम सञ्चालन गर्न चाहने सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहबाट औद्योगिक ग्रामको लागि आवश्यक पूर्वाधार निर्माण तथा विकास सम्बन्धी कार्य गर्दा विस्तृत परियोजना प्रतिवेदन तयार गरी वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा अनुसूची-२ बमोजिमको कार्यक्षेत्रगत सर्तलाई आधार लिई गर्नु पर्नेछ।

(४) औद्योगिक ग्रामको निर्माण तथा विकास गर्दा स्वीकृत विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन र दफा ४ बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत

(५) यस दफा बमोजिम तयार गर्नु पर्ने विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अध्ययन तथा औद्योगिक ग्रामको निर्माण तथा विकासको पूर्वतयारीमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले दफा १६ बमोजिम छनोट भएका नमूना औद्योगिक ग्रामहरूमा यस कार्यविधि बमोजिम स्थानीय तहमार्फत् पूर्वाधार निर्माण गराउन सक्नेछ ।

१२. <u>औद्योगिक ग्रामको निर्माण तथा विकासमा लागत सहभागिता:</u> (१) दफा ११ बमोजिम औद्योगिक ग्रामको निर्माण तथा विकासका लागि आवश्यक पर्ने लागत नेपाल सरकार र औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहको सहभागितामा व्यहोरिनेछ।

(२) औद्योगिक ग्रामको कुल निर्माण लागतको साठी प्रतिशत वा चार करोड रुपैयाँमध्ये जुन कम हुन्छ सो रकम मन्त्रालयले औद्योगिक ग्राम घोषणा भएको स्थानीय तहलाई उपलव्ध गराउनेछ।

(३) दुई वा दुईभन्दा वढी स्थानीय तहको प्रस्ताव बमोजिम घोषणा भएको औद्योगिक ग्रामको पूर्वाधार निर्माणका लागि सम्बन्धित स्थानीय तहबाट न्यूनतम पच्चीस लाख रुपैयाँ थप गर्ने सुनिश्चितताको आधारमा मन्त्रालयले उपदफा (२) बमोजिमको रकमको अतिरिक्त थप एक करोड पचास लाख रुपैयाँ उपलव्ध गराउन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम रकम उपलव्ध गराउनु अघि मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग त्यस्तो रकम उपलव्ध गराउने विधि तथा सर्त र औद्योगिक ग्राम निर्माण तथा विकास सम्बन्धी अन्य व्यवस्था समेत संलग्न गरी लागत सहभागिता सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (४) वमोजिम सम्झौता भएपछि मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई पहिलो किस्ताको रकम उपलव्ध गराउनेछ।

(६) स्थानीय तहले दफा ११ को उपदफा (२) बमोजिम तयार गरेको प्रतिवेदन मन्त्रालयमा पेस गरे पश्चात् कार्य प्रगतिका आधारमा मन्त्रालयले बाँकी रकम उपलव्ध गराउनेछ।

(७) उपदफा (२) र (३) बमोजिम उपलव्ध गराइने रकम वाहेक औद्योगिक ग्राम स्थापना, विकास तथा निर्माण गर्ने क्रममा अपुग हुने अन्य रकमको व्यवस्थापन सम्बन्धित स्थानीय तह आफैंले गर्नु पर्नेछ।

(८) औद्योगिक ग्रामको घोषणा, विकास तथा निर्माणका लागि प्रदेश सरकारले औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहलाई आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछ।

१३. <u>औद्योगिक ग्रामको निर्माण तथा विकास गर्ने तरिका:</u> (१) नेपाल सरकारले औद्योगिक ग्रामको घोषणा गर्दा देहायका मध्ये कुनै तरिकावाट औद्योगिक ग्राम सञ्चालन हुने गरी घोषणा गर्न सक्नेछ:-

(क) औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहको लगानीमा,

(ख) औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तह र निजी क्षेत्र (उत्पादनसँग जोडिएको सहकारी तथा लक्षित समूह समेत) को संयुक्त लगानीमा,

(ग) निजी क्षेत्रको लगानीमा।



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत सचिव (उद्योग)

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम संयुक्त लगानीमा सञ्चालन हुने गरी औद्योगिक ग्रामको घोषणा भएमा सम्बन्धित स्थानीय तहले निम्न वैकल्पिक तरिकामध्ये कुनै उपयुक्त तरिका छनोट गर्न सक्नेछः-

(क) स्थानीय तहले उपलव्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर,

(ख) स्थानीय तह र निजीक्षेत्र दुवैबाट विकासमा संयुक्त लगानी गरेर,

(ग) लागत सहभागिताको अनुपातमा प्रतिफल वितरणको व्यवस्था गरेर,

(घ) अन्य उपयुक्त तरिका अवलम्वन गरेर।

(३) उपदफा (२) बमोजिम औद्योगिक ग्रामको घोषणा तथा सञ्चालन गर्दा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) औद्योगिक ग्राम स्थापना गर्ने स्थान तथा क्षेत्रफल सहितको जग्गाको नाप नक्सा,

(ख) सम्वन्धित स्थानीय तह र निजी क्षेत्रको संयुक्त सहभागिताको तरिका,

(ग) औद्योगिक ग्रामको विकासका लागि सम्वन्धित स्थानीय तह र निजी क्षेत्रले गर्ने लगानीको अनुमानित रकम र लगानीको अंशदर,

(घ) सम्वन्धित स्थानीय तह र निजी क्षेत्रवीच औद्योगिक ग्रामको विकास, निर्माण तथा सञ्चालनबाट हुने आयको बाँडफाँटको दर,

(ङ) औद्योगिक ग्राममा सञ्चालन हुन सक्ने उद्योगको प्रकृति र अनुमानित उद्योगको सङ्ख्या,

(च) औद्योगिक ग्रामको घोषणा तथा सञ्चालन गर्ने तरिका, र

(छ) अन्य आवश्यक विवरण।

१४. <u>निजी क्षेत्रको लगानीमा औद्योगिक ग्रामको स्थापनाः</u> (१) निजी क्षेत्रको लगानीकर्ता आफैंले जग्गाको व्यवस्था गरी विकास, निर्माण, सञ्चालन तथा व्यवस्थापन समेत आफैं गर्ने गरी औद्योगिक ग्राम स्थापना गर्न चाहेमा देहायका कागजात सहित सम्वन्धित स्थानीय तहमा निवेदन दिन सक्नेछः-

(क) पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) औद्योगिक ग्रामको चार किल्ला खुलेको पत्र सहित नापी कार्यालयबाट प्रमाणित नक्सा,

(ग) जग्गाको स्वामित्व तथा प्रकृति खुलेको सम्बन्धित मालपोत कार्यालयबाट प्रमाणित कागजात (फिल्ड बुक उतार, जग्गा दर्ता वा रजिष्ट्रेसनको प्रमाणपत्र), र

(घ) कम्तीमा वीस वर्षको सञ्चालन निरन्तरताको सुनिश्चितता सहितको प्रतिवद्धता पत्र।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातको अध्ययन तथा विश्लेषण गरी औद्योगिक ग्रामको घोषणाका लागि उपयुक्त हुने देखेमा सम्बन्धित स्थानीय तहले मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(३) उपदफा (२) बमोजिम प्राप्त सिफारिसको आधारमा औद्योगिक ग्राम घोषणा गर्न उपयुक्त देखिएमा मन्त्रालयले औद्योगिक ग्राम घोषणाका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको प्रस्तावको आधारमा ऐनको दफा ५५ बमोजिम नेपाल सरकारले औद्योगिक ग्राम घोषणा गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम घोषणा भएको औद्योगिक ग्रामलाई यस कार्यविधि बमोजिमको सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ।

१५. <u>महिला उद्यमी विशेष औद्योगिक ग्राम:</u> (१) महिला उद्यमीलाई उद्योगतर्फ आकर्षित र प्रोत्साहन गर्न महिला उद्यमीले मात्र उद्योग स्थापना गर्न पाउने गरी नेपाल सरकारले यस कार्यविधि बमोजिम महिला उद्यमी विशेष औद्योगिक ग्राम घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको औद्योगिक ग्राम सम्बन्धित स्थानीय तहले आफैं वा निजी क्षेत्रका महिला उद्यमीसँग सहकार्य गरी सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको औद्योगिक ग्रामको निर्माण लागतको साठी प्रतिशत वा छ करोड रुपैयाँमध्ये जुन कम हुन्छ, सो रकम मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउन सक्नेछ।

(४) यस दफा बमोजिम घोषणा भएको महिला उद्यमी विशेष औद्योगिक ग्रामको सञ्चालन र व्यवस्थापन बीस वर्षसम्म परिवर्तन गर्न पाइने छैन।

१६. <u>नमुना औद्योगिक ग्रामको रूपमा छनोट गर्न सक्ने:</u> (१) नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्राममध्ये मन्त्रालयले प्रत्येक प्रदेशको एक-एक वटा औद्योगिक ग्रामलाई नमुना औद्योगिक ग्रामको रूपमा छनोट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नमुना औद्योगिक ग्राम छनोट गर्दा देहायका विषयलाई आधार लिनु पर्नेछ:-

(क) स्थानीय तहको सिफारिस,

(ख) जग्गाको क्षेत्रफल,

(ग) राष्ट्रिय सडकमार्गको निकटता,

(घ) उद्योग सञ्चालनको अवस्था, र

(ङ) औद्योगिक पूर्वाधारको उपलब्धता।

१७. <u>औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन:</u> (१) दफा १४ बमोजिम घोषणा गरिएको औद्योगिक ग्राम बाहेक स्थानीय तहले स्थापना गरेको औद्योगिक ग्रामको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो औद्योगिक ग्राम सञ्चालन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) सम्बन्धित स्थानीय तहले औद्योगिक ग्रामभित्र उद्योग स्थापनाका लागि छुट्याइएको प्लटमा उद्योग स्थापना गर्न चाहने उद्योगहरूबीच प्रतिस्पर्धात्मक विधि र दफा १९ बमोजिमको प्राथमिकताका आधारमा लिजमा उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमको लिज भाडा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम निर्धारण गरे बमोजिम हुनेछ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(४) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगले उपलब्ध भएसम्म सम्बन्धित स्थानीय तहका जनशक्ति वा कामदारलाई प्राथमिकता दिई आवश्यक पर्ने जनशक्ति वा कामदारको आपूर्ति गर्नु पर्नेछ।

(५) औद्योगिक ग्रामभित्र उद्योग सञ्चालन गर्दा स्थानीय कच्चा पदार्थ, उद्योग, प्रविधि र पुँजीमा आधारित उद्योगलाई प्राथमिकता दिनु पर्नेछ।

(६) सम्बन्धित स्थानीय तहले सञ्चालन गरेको औद्योगिक ग्रामको सञ्चालन वा व्यवस्थापन गर्नका लागि निश्चित सर्त तथा प्रक्रिया निर्धारण गरी निजी क्षेत्रलाई जिम्मा दिन सकिनेछ।

१८. <u>औद्योगिक ग्रामको व्यवस्थापनः</u> औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले औद्योगिक ग्राम स्थापना गरी सोको संचालन तथा व्यवस्थापनका लागि औद्योगिक ग्राम व्यवस्थापन इकाई वा समिति गठन गरी आवश्यक कार्य गर्न सक्नेछ।

१९. <u>उद्योगको प्राथमिकताः</u> (१) औद्योगिक ग्राममा लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग मात्र स्थापना तथा सञ्चालन गर्न पाइनेछ।

तर औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम अनुमति लिनु पर्ने उद्योग औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन गर्न पाइने छैन।

(२) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको प्राथमिकताक्रम देहायका आधारमा हुनेछः-

(क) <u>घरेलु उद्योगतर्फः</u>

(१) हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान,
(२) परम्परागत कलामा आधारित वस्तु,
(३) परम्परागत मूर्तिकला,
(४) तामा, पित्तल, ढलोट, काँस र जर्मनसिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,
(५) फलामबाट बनेका हस्तनिर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजार,
(६) सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडावर्तन,
(७) स्वदेशमा उपलब्ध किमति, अर्धकिमति तथा साधारण पत्थर कटाई उद्योग,
(८) सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
(९) पत्थर कला (ढुङ्गा कुँदेर बनाइएका सामान),
(१०) पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,
(११) मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,
(१२) परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,
(१३) काठ, माटो, चट्टान र खनिजका कलात्मक वस्तु, सेरामिक्स तथा माटाका भाँडाकुँडा।



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(ख) कृषि तथा वन पैदावारमा आधारित उद्योगतर्फ:

(१) फलफूल प्रशोधन,

(२) खाद्यवस्तुको प्रशोधन तथा भण्डारण,

(३) मासु प्रशोधन,

(४) दुग्ध पदार्थ प्रशोधन,

(५) पशुपन्क्षीको दाना उत्पादन,

(६) रेशम प्रशोधन,

(७) चिया प्रशोधन,

(८) कफी प्रशोधन,

(९) जडिबुटी प्रशोधन,

(१०) तरकारी प्रशोधन,

(११) मह प्रशोधन,

(१२) पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने)

(१३) रबरको प्रारम्भिक प्रशोधन,

(१४) शीत भण्डार,

(१५) नगदेबालीको व्यावसायिक प्रशोधन,

(१६) बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादन,

(१७) स:मिल, फर्निचर लगायतका काष्ठ उद्योग,

(१८) कपास प्रशोधन।

(ग) स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थ, सीप, पुँजी, प्रविधि, अर्धप्रशोधित कच्चा पदार्थ वा खेर गएको वस्तु प्रयोग गरी वा प्रशोधन गरी उत्पादन गर्ने उत्पादनमूलक उद्योग,

(घ) स्थानीयस्तरको मागमा आधारित अन्य साना तथा घरेलु उद्योग,

(ङ) ऊर्जामूलक उद्योग जस्तैः सौर्य ऊर्जा, नवीकरणीय ऊर्जा उत्पादन गर्ने मेसिन, उपकरण निर्माणसँग सम्बन्धित उद्योग, बायोग्यास प्लान्ट आदि,

(च) सेवामूलक उद्योग जस्तैः छापाखाना, यान्त्रिक कार्यशाला, पानी प्रशोधन, प्राविधिक प्रशिक्षण, सीप विकास, सफ्टवेयर विकास आदि,

(छ) प्रतिस्पर्धात्मक क्षमता भएका अन्य उद्योग,

(ज) स्थानीय तहले उपयुक्त ठानेका अन्य उद्योग।

(३) उपदफा (२) मा उल्लेख भएको उद्योग सञ्चालन गर्नको लागि महिला उद्यमी वा तीस वर्ष वा सोभन्दा कम उमेरको युवा उद्यमी वा वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिले निवेदन दिएमा त्यस्तो उद्यमीलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि सम्बन्धित स्थानीय तहले चाहेमा एकै प्रकृतिका उद्योग मात्र स्थापना गर्न पाउने गरी विशेष वस्तु उत्पादन क्षेत्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(५) स्थानीय तहले चाहेमा उद्योगको प्रकृति अनुसार समान प्रकृतिका उद्योगलाई औद्योगिक ग्रामभित्रको एकै क्षेत्रमा सञ्चालन हुने गरी जग्गा तथा संरचना छुट्याउन सक्नेछ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत सचिव (उद्योग)

## परिच्छेद-५

## विविध

२०. **वातावरण संरक्षण सम्बन्धी व्यवस्था:** (१) औद्योगिक ग्राम सञ्चालन गर्न चाहने स्थानीय तहले वातावरण संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिम गर्नु पर्ने सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरेपछि मात्र औद्योगिक ग्रामको विकास, निर्माण तथा सञ्चालनको कार्य प्रारम्भ गर्नु पर्नेछ।

(२) औद्योगिक ग्रामको घोषणा तथा सञ्चालन गर्न गरिएको सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनले उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपूर्व प्रचलित कानून बमोजिम गर्नु पर्ने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनलाई सीमित गरेको मानिने छैन।

२१. **भाडामा लिएको जग्गा प्रयोग गर्नु पर्ने:** (१) उद्योग सञ्चालनका लागि लिजमा लिएको प्लट सम्झौता भएको दुई वर्षभित्र पूर्णतः प्रयोगमा आएको नदेखिएमा प्रयोगमा नआएको जति जग्गा सम्वन्धित स्थानीय तहले पुनः अर्को औद्योगिक प्रयोजनार्थ उपयोगमा ल्याउन सक्नेछ।

(२) औद्योगिक ग्रामभित्रका प्लटलाई उद्यमीले जुन उद्योग स्थापना गर्न भाडामा लिएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्न सक्नेछ।

(३) औद्योगिक ग्रामभित्रका प्लटलाई उद्यमीले खण्डीकृत गर्न वा अर्को उद्योग राख्न वा अरु कसैलाई पुनः भाडामा दिन सक्ने छैन।

(४) उपदफा (३) विपरीतको कार्य गरेको पाइएमा सुनुवाईको उचित मौका दिई सम्वन्धित स्थानीय तहले त्यस्तो उद्योगलाई औद्योगिक ग्रामभित्रबाट हटाउन सक्नेछ।

२२. **समझदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने:** औद्योगिक ग्राम घोषणा भइसकेपछि सो क्षेत्रमा गर्नु पर्ने योजना, पूर्वाधार निर्माण, लगानी, प्राविधिक सहयोग, जनशक्ति विकास तथा औद्योगिक ग्रामको सञ्चालन, व्यवस्थापनमा सहयोग र सहकार्य गर्न आवश्यक देखिएमा विभिन्न सरकारी तथा निजी क्षेत्रको समझदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

२३. **विद्युतीय माध्यमको प्रयोग:** (१) मन्त्रालयले औद्योगिक ग्रामको व्यवस्थापन प्रक्रियालाई सरल र पारदर्शी वनाउन क्रमिक रूपमा प्रशासनिक प्रणालीलाई अटोमेसन वा अनलाइन पद्धतिको विकास गर्न सक्नेछ।

(२) औद्योगिक ग्राम सम्वन्धमा जारी हुने कागजात प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र त्यस्ता कागजात विद्युतीय माध्यमवाट समेत आदानप्रदान गर्न सकिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विद्युतीय स्वरुपमा पेस गरेका सबै प्रकारका कागजात सुरक्षित रूपमा कम्प्युटर प्रणालीमा राख्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

२४. अनुगमन तथा सहजीकरणः (१) औद्योगिक ग्राम निर्माण, स्थापना, संचालन र व्यवस्थापनका काम कारवाहीलाई प्रभावकारी वनाउन सम्वन्धित स्थानीय तहले उक्त स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरी आवश्यक सहजीकरण गर्न सक्नेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

२५. **औद्योगिक ग्रामको स्थानान्तरण:** (१) औद्योगिक ग्राम घोषणा भएको सम्बन्धित स्थानीय तहले कार्यपालिकाको निर्णय सहित औद्योगिक ग्राम स्थानान्तरण गर्न आवश्यक रहेको भनी आधार र कारण सहित स्थानान्तरणका लागि यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा औद्योगिक ग्राम निर्माणका लागि मन्त्रालय, स्थानीय तहको आफ्नै स्रोत वा अन्य कुनै सरकारी निकायबाट रकम निकासा नलिएको वा लिएको भएखर्च नगरेको अवस्था हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सिफारिस उपयुक्त लागेमा मन्त्रालयले औद्योगिक ग्राम स्थानान्तरणका लागिगरी नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न सक्नेछ ।

२६. **स्रोत व्यवस्थापनमा प्राथमिकीकरण:**(१) मन्त्रालयले घोषणा भइसकेका औद्योगिक ग्रामहरूमा देहायको आधारमा स्रोत व्यवस्थापनमा प्राथमिकता दिनुपर्नेछ ।

(क) औद्योगिक ग्रामको हालसम्मको भौतिक तथा वित्तीय प्रगति,

(ख) स्थानीय तहले औद्योगिक ग्राम निर्माण तथा सञ्चालनमा गरेको प्रयास,

(ग) औद्योगिक ग्राम सञ्चालनको अवस्था वा सञ्चालनको संभावना ।

(२) उपदफा (१) मा उल्लिखित आधारहरूबाट सञ्चालनको संभावना नरहेका औद्योगिक ग्रामहरूमा मन्त्रालयले थप निकासा रोक्का गर्न सक्नेछ

(३) मन्त्रालयले उपदफा (२) बमोजिमको जानकारी सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनुपर्नेछ ।

२७. **स्थापनाको संभावना नरहेको औद्योगिक ग्राम:** (१) मन्त्रालयले सम्बन्धित स्थानीय तहमा घोषणा भएको औद्योगिक ग्रामको अवस्था अध्ययन गर्न, प्रगति माग गर्न वा स्थलगत अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रगति माग भएकोमा वा सम्बन्धित स्थानीय तहले औद्योगिक ग्राम स्थापनाको संभावना नरहेको अवस्था भएमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णय सहित मन्त्रालयमा स्थापना गर्न संभावना नरहेको सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा औद्योगिक ग्राम निर्माणका लागि मन्त्रालय, स्थानीय तहको आफ्नै स्रोत वा अन्य कुनै सरकारी निकायबाट रकम निकासा नलिएको वा लिएको भए खर्च नगरेको अवस्था हुनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सिफारिस गर्दा मन्त्रालयबाट औद्योगिक ग्राम स्थापनका लागि कुनै रकम निकासा लिएको भए सो रकम संघीय सञ्चित कोषमा फिर्ता गरेको निस्सा समेत संलग्न गर्नुपर्नेछ।

(५) मन्त्रालयले यस दफा बमोजिमको सिफारिस उपयुक्त लागेमा त्यस्तो औद्योगिक ग्राम खारेजीका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रस्ताव उपर नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिम गर्नु पर्नेछ।

२८. **खारेजी र बचाउ:** (१) औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं



कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(२) औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

अनुसूची-१

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**औद्योगिक ग्रामको पूर्वसम्भाव्यता अध्ययनको लागि परीक्षण सूची (Check List)**

| क्र.सं. | परीक्षणको शीर्षक | परीक्षणको विवरण |
|---|---|---|
| १ | जग्गाको अवस्थिति:<br>• प्रदेशको नाम<br>• जिल्ला<br>• महा/उपमहा/नगरपालिका, गाउँपालिका<br>• वडा नं.<br>• स्थानको नाम<br>• नजिकको वस्तीको नाम | |
| २ | चार किल्ला:<br>• पूर्व<br>• पश्चिम<br>• उत्तर<br>• दक्षिण | |
| ३ | जमिनको क्षेत्रफल:<br>• वर्गफिट/मिटर, रोपनी, विगाहा<br>• सरकारी वा ऐलानी वा पर्ती वा व्यक्तिगत वा अन्य प्रकृतिको जग्गा | |
| ४ | जमिनको वनोट:<br>• समथर वा भिरालो पहिरो जाने सम्भावना भए वा नभएको | |
| ५ | हाल जमिनको प्रयोग केमा भएको छ:<br>• खेती गरेको छ वा छैन<br>• वुट्यान वा बगर वा गौचरन छ वा छैन | |
| ६ | जमिनमा कुनै विवाद भए वा नभएको: | |
| ७ | नजिकको मुख्य खोला वा नदीको नाम र दूरी: | |
| ८ | पहुँच मार्ग:<br>• सबभन्दा नजिकको राजमार्ग<br>• राजमार्गसम्मको दूरी<br>• राजमार्ग जोड्ने सडक छ वा छैन<br>• राजमार्ग जोड्ने सडकको सम्भावना | |
| ९ | खानेपानी उपलव्ध छ वा छैन:<br>• खानेपानीको सम्भाव्य स्रोत वा मुहान | |
| १० | विद्युत प्रसारण लाइन:<br>• छ वा छैन | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं



कृष्ण बहादुर राउत
सचिव (उद्योग)

| क.सं. | परीक्षणको शीर्षक | परीक्षणको विवरण |
|---|---|---|
| | • छैन भने नजिकको विद्युत स्टेसन र दूरी<br>• क्षमता (kV) | |
| ११ | नजिकमा रहेका वस्ती तथा उद्योग:<br>• वस्तीको नाम र जनसङ्ख्या<br>• उद्योग प्रकृति र सङ्ख्या | |
| १२ | नजिकको वजार वा व्यापारिक केन्द्रको नाम र दूरी: | |
| १३ | दूर सञ्चार सेवा उपलव्ध छ वा छैन:<br>• उपलव्ध नभएमा नजिकको स्टेसन र दूरी: | |
| १४ | प्रदुषित पानी व्यवस्थापनको लागि सम्भाव्य क्षेत्र: | |
| १५ | ढल निकासको व्यवस्था छ वा छैन: | |
| १६ | अन्तर्राष्ट्रिय सीमासम्मको दूरी: | |
| १७ | औद्योगिक ग्रामवाट पर्न सक्ने वातावरणीय असरको आकलन: | |
| १८ | औद्योगिक ग्राम विस्तारको सम्भावना छ वा छैन: | |
| १९ | स्थानीय निजी उद्यमी, व्यवसायी र उत्पादनसँग जोडिएका सहकारी, लघुवित्त, लक्षित समूहवाट माग भए वा नभएको: | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

अनुसूची-२

(दफा ११ को उपदफा (३) सँग सम्वन्धित)

<u>विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने कार्यक्षेत्रगत सर्त</u>

**Terms of Reference**

**For**

**Detailed Project Report of Industrial Village (IV) at Local Levels**

1. Conduct detailed survey of given area proposed for setting up of IV.
2. Conduct mapping of existing infrastructures like (road network, drainage, water supply, electricity and telecommunication), services (capacity and situation of services) together with social and economic survey.
3. Prepare base map, it should show all natural and manmade features with identification of environmentally sensitive and hazard prone areas. The scale of such maps should be standard.
4. Prepare existing land use pattern of the project area and analyze it based on geological, environmental, physical, socio-economic parameters.
5. Propose land use plan, develop master plan along with study of possible industries (micro, cottage and small industries only) considering the project area.
6. Conduct engineering survey for the access road (the width of the road to the site as feeder Road Category of Nepal Roads Standards, 2027) and propose the options.
7. Prepare detail design and drawings of infrastructure layout (Such as Boundary Wall, Road, Drains, Sewer Lines, Administrative Buildings, Service Buildings, Water And Wastewater Treatment Plant, Land Improvement, Electrical System, Telecommunication, Water Supply System, Fire Fighting System, Weighing Bridge, Parking, Warehouse, Primary Health Care, Day Childcare, Canteen and other infrastructures as required).
8. Phase-wise Development depending upon the size of land available, expected demand and resources availability.
9. Conduct socio-economic and financial analysis of the project.
10. Arrange field visit for the verification of prepared Master Plan on the request of Ministry of Industry, Commerce and Supplies (MOICS).
11. Suggest the Operation Modality for the operation of the IV.
12. Organize presentation and consultation meeting at local and provincial level in presence of representatives of MOICS.
13. During Preparation of Master Plan, following points should be considered:
    a) Provisions and Standards of "Procedure for Establishment and Operation of Industrial Village, 2081".
    b) Integrating IV with local host economies-ensuring consistency with the economic opportunities, local demographics and skills within the IV and its periphery.
    c) Developing a standard IV infrastructure to attract entrepreneurs and investors and to ensure competiveness.
    d) Ensuring the commercial feasibility and designing a sustainable master plan.
    e) Implementing land use planning and zoning efforts in defined areas.
14. The deliverables of the study should comprise the following topics:
    a) Site Master Plan
    b) Industrial Plots
    c) Internal Road
    d) Water Supply System
    e) Possible Industries
    f) Availability of raw materials, manpower and utilities
    g) Solid waste Management Plan
    h) Geo-hazards
    i) Operation Modality of the IV.

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)